**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs.** **Date: 14.08.2025**

## राष्ट्रपति - सम्बोधन

राष्ट्रपति द्रौपदी मुर्मुले उनासीऔं स्वतन्त्रता दिवसको पूर्व संध्यमा आज राष्ट्रलाई सम्बोधित गर्नुहुनेछ। सम्बोधन सांझ सात बजे देखि आकाशवाणीको समस्त राष्ट्रीय  नेटवर्कमा प्रसारित हुनेछ।

आकाशवाणीको क्षेत्रीय नेटवर्कमा बेलुकी 9.30 बजे देखि क्षेत्रीय भाषाहरूमा पनि यसको प्रसारण हुनेछ। दूरदर्शनका सबै चैनलहरूमा हिन्दी अनि फेरि अंग्रेजी भाषामा राष्ट्रपतिको सम्बोधन प्रसारित गरिनेछ। त्यसपछि दूर्रदर्शनका क्षेत्रीय चैनलहरूले क्षेत्रीय भाषाहरूमा राष्ट्रपतिको सम्बोधन प्रसारित गर्नेछ।

## विभाजन विभीषीका स्मृति दिवस

आज विभाजन विभीषिका स्मृति दिवस हो। आजका दिन, 1947 मा भारतको विभाजनका बेला मानिसहरूका पीड़ा र कष्टहरूलाई थाह गरिन्छ। राष्ट्रले ती सबै मानिसहरूलाई श्रद्धान्जली अर्पति गर्छ जसले 1947 मा विभाजनको बेला आफ्ना प्राणहरूको आहुति दिए अनि अकल्पनीय पीढ़ा पनि झेले। एक सोशल मिडिया पोष्टमा प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, आजको दिनले हाम्रो इतिहासको त्यो दुःखद अध्यायको बेला अन्गिनत मानिसहरूले ब्योरेको उथलपुथल र पीढ़ालाई सम्झिन्छ।

सिक्किम सरकारको संस्कृति विभागले पनि आज एम.जी मार्गमा विभाजन विभीषीका स्मृति दिवस मनाउन एक कार्यक्रमको आयोजना गर्यो। कार्यक्रमको उद्घाटन सिक्किम सरकारका शहरी विकाश तथा खाद्य र नागरिक आपूर्ति विभागका विधायक अनि सल्लाहकार डिले नामग्याल बरफुङपाले गर्नुभएको थियो।

प्रधानमन्त्री नरेन्द्र मोदीको घोषणा पछी 2021मा पहिलो पटक यो दिनको पालन गरिएको थियो।

## सोरङ-आजादी का अमृत  महोत्सव

आजादी का अमृत महोत्सव  को राष्ट्रव्यापी अभियानको एक भागको रूपमा सोरेङ जिल्लाको Sribadam मा आज हर घर तिरंगा रैलीको आयोजना गरियो।

मेलालाई सम्बोधित गर्दै जिल्लापाल धीरज सुबेदीले मानिसहरूको सहभागिताका लागि उनीहरू प्रति आभार प्रकटगर्दै राष्ट्रीय ध्वज, एकता, त्याग र गर्वको प्रतीक भएको भन्नुभयो।

**गान्तोक -15 अगस्त - मुख्यमन्त्री**

सिक्किमको राजधानी गान्तोकमा पनि भोलि स्वतन्त्रता दिवस पालन गर्ने सम्पूर्ण तयारी भएकोछ।

तिरंगा ध्वज अनि हर घर तिरंगा अभियानबारे बोल्दै केही दिन अघि मुख्यमन्त्री प्रेम सिंह तामाङले भन्नुभयो।---

**श्रवण कुमार पुरस्कार**

सिक्किम सरकारले 199 ग्राम पंचायत एकाईका एक सय निनानब्बे व्यक्तिहरूलाई आमा- बाबुप्रतिको निस्वार्थ समर्पणका लागि सम्मान दिदै भोलि 15 अगस्त स्वतन्त्रता दिवसका दिन श्रवण कुमार पुरस्कार प्रदान गर्नेछ।

मुख्यमन्त्री प्रेम सिंह तामाङले गान्तोक जिल्ला अन्तर्गत  पाल्जोर स्टेडियममा 22 ग्राम पंचायत एकाईका 22 व्यक्तिहरूलाई यो पुरस्कार प्रदान गर्नुहुनेछ भने बाँकि रहेका पाँच जिल्लाहरू- पाकिम, सोरेङ, नाम्ची, गेजिङ र मंगनमा भोलि नै सो पुरस्कार प्रदान गरिनेछ। पुरस्कारमा एक लाख रूपियाँको नगद राशि दिइनेछ जुन केवल आर्थिक सहयोग मात्र न भई, उनीहरूको करूणा र कर्तव्य बोध प्रति राज्यको हार्दिक कृतज्ञताको प्रतीक पनि हो।

**सिबिसी -पीआईबी- हर घर तिरंगा**

स्वतन्त्रता दिवसको पूर्व संध्यामा आज सिबिसी र पीआईबी गान्तोकले मिलेर गान्तोक स्थित नील तारा एकेडमीमा हर घर तिरंगा कार्यक्रमलाई प्रकाश पार्दै एक कार्यक्रम आयोजित गर्यो।

विद्यार्थीहरू बीच चित्रकला र खुल्ला प्रश्नोत्तरी प्रतियोगिता आयोजित गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि अभिनेता नीलेश राई थिए।

पिआईबी गान्तोकका सहायक निर्देशक मानस प्रतिम शर्मा, आकाशवाणी की पूर्व समाचार वाचिका उषा शर्मा र पिआईबी का कर्मचारीहरू कार्यक्रममा उपस्थित थिए।

**स्वैन- राज्यपाल**

सिक्किम केन्द्रिय विश्वविद्यालयका नव नियुक्त कुलपति प्रोफेसर शांतनु कुमार स्वैनले कार्यभार ग्रहण गरेपछी राजभवनमा राज्यपाल ओम प्रकास माथुरसित आज शिष्टाचार भेट गर्नुभयो।